बडादसैंमा
खसीबोकाको
कारोबार

विश्वनाथ खरेल

(२)

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा दल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१९५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २६५ ❑ २०८३ असोज ३० गते शुक्रबार ❑ Friday, 16 Oct. 2026 ❑ मूल्य ७ /-

हिमाविमा छात्रा भलिबल प्रतियोगिता सुरू

दमक । बडादशैं २०८३ को अवसरमा दमकस्थित हिमालय माध्यमिक विद्यालय (हिमावि) मा अन्तरविद्यालय माध्यमिक तह स्तरीय छात्रा भलिबल प्रतियोगिता सुरू भएको छ । विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनसँगै खेलकुदका माध्यमबाट महिला खेलाडी उत्पादन र प्रोत्साहन गर्ने उद्देश्यले विद्यालयले प्रतियोगिता आयोजना गरेको बताएको छ ।

विद्यालयका प्रधानाध्यापक द्रोणबहादुर श्रेष्ठको अध्यक्षतामा आयोजित प्रतियोगिताको उद्घाटन झापा जिल्ला समन्वय इकाइका अध्यक्ष विश्व बराललले गरेका थिए । कार्यक्रममा कोशी प्रदेश भलिबल संघका महासचिव लेखनाथ पराजुली तथा अन्तर्राष्ट्रिय खेलाडी शैलेन्द्र श्रेष्ठलगायतको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रमको सञ्चालन शिक्षक बद्रीप्रसाद कोइरालाले गरेका थिए ।

हिमाविको भलिबल खेलमैदानमा बिहीबार भएका खेलमा आयोजक हिमाविले ढुकुरपानी माध्यमिक विद्यालयलाई पराजित गर्दै विजयी सुरूआत गरेको छ । भोजप्रसाद भट्टराईका अनुसार दोस्रो खेलमा बालज्योति माध्यमिक विद्यालय चुलाचुलीलाई हराउँदै ग्लोबल सुरूङ्गा विजयी भएको छ ।

त्यस्तै, पशुपति बोर्डिङ स्कुल उर्लाबारी र प्रजिता एजुकेशनल एकेडेमी दमकबीच भएको खेलमा प्रजिता एकेडेमी विजयी भएको छ । ग्लोबल एजुकेशनल दमक र एभरेष्ट बोर्डिङ स्कुल पथरीबीच भएको अर्को खेलमा ग्लोबल एजुकेशनल दमकले जित हासिल गरेको भट्टराईले जानकारी दिए ।

प्रतियोगिताका बाँकी खेल शुक्रबार सञ्चालन हुने आयोजकले जनाएको छ ।

उद्घाटन कार्यक्रममा प्रधानाध्यापक श्रेष्ठले खेलकुद शारीरिक स्फूर्तिका लागि मात्र नभई मानसिक शक्ति, आत्मविश्वास र अनुशासन विकासका लागि पनि आवश्यक रहेको बताए । बाँकी ८ पेजमा ▸▸

पेट्रोलियम पदार्थको अभाव नहुने

दमक/ चाडबाडका समयमा ग्यास तथा पेट्रोलियम पदार्थको कृत्रिम अभाव हुन नदिन झापा प्रशासनले आपूर्ति र वितरण प्रणालीको नियमित अनुगमनमा जोड दिएको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले चाडबाडमा उपभोग्य वस्तुको माग बढ्न सक्ने भएकाले आपूर्ति व्यवस्थालाई चुस्त र व्यवस्थित बनाउन सम्बन्धित निकायलाई आग्रह गरेका छन् । उनले जिल्लामा ग्याँसलगायत पेट्रोलियम पदार्थको आपूर्ति अवस्थाबारे समीक्षा गर्दै उपभोक्तालाई सहज रूपमा इन्धन उपलब्ध गराउन आवश्यक समन्वय गर्न जोड दिए ।

नेपाल आयल निगम चारआलीका प्रमुख उमेशकुमार पोखरेलका अनुसार जिल्लामा पेट्रोलियम पदार्थको अभाव छैन ।

झापामा दैनिक पाँच हजार ५०० सिलिन्डर ग्यासको माग रहेकामा सात हजार ६०० सिलिन्डर उत्पादन भइरहेको पराजुली ग्यास उद्योगका सञ्चालक जितबहादुर कार्कीले जानकारी दिए । पछिल्लो दुई महिनामा नियमित खपतको तुलनामा करिब ४० प्रतिशत बढी ग्यास बजारमा खपत भएको उनले बताए ।

चाडबाडमा नियमित आपूर्ति सुनिश्चित गर्ने विषयमा जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा सुरक्षा निकाय, आयल निगम, पेट्रोलियम डिलर्स एसोसिएसन तथा ग्यास विक्रेता संघका प्रतिनिधि सहभागी थिए ।

दमक नपाले एकै दिन खोल्यो

१३ योजनाको बोलपत्र

खगेन्द्र कार्की

दमक । दमक नगरपालिकाले विभिन्न वडामा सञ्चालन गरिने सडक स्तरोन्नति तथा पूर्वाधार विकाससम्बन्धी १३ वटा सडक योजनासहित विद्यालय भवन निर्माणको एउटा योजना गरी १४ वटा योजनाको बोलपत्र खोलेको छ । सम्भवतः कोशी प्रदेशमा यति धेरै योजनाको एकै पटक बोलपत्र खोलिएको यो पहिलो घटना भएको नगरपालिकाको योजना शाखाले दाबी गरेको छ ।

नगरपालिकाले २०८३ असोज ८ गते प्रकाशित गरेको बोलपत्र सूचनामा सडक स्तरोन्नति, कालोपत्रे, सडक मर्मत तथा विद्यालय भवन निर्माणका योजना समेटिएका छन् ।

नगरपालिकाको योजना शाखा प्रमुख कमल दाहालका अनुसार १३ वटा सडक योजनाको लागत अनुमान करिब १० करोड ४२ लाख रूपैयाँ रहेको छ ।

योजनामा परेका दमक-१ को सताशी मार्गदेखि केन्द्रीय सडकसम्मको सडक स्तरोन्नतिका लागि १ करोड ९९ लाख ७८ हजार ८४७ रूपैयाँ ९ पैसा लागत अनुमान गरिएको छ । दमक-३ को पारूहाङ मार्ग स्तरोन्नतिका लागि १ करोड ९८ लाख ७० हजार ६९० रूपैयाँ ५ पैसा लागत अनुमान छ ।

दमक-७ को प्रगति चोक-गुराँस मार्ग तथा श्रीपेली मार्ग स्तरोन्नतिका लागि १ करोड १० लाख ४३ हजार ७१२ रूपैयाँ ५९ पैसा र सोही वडाको नमस्ते बस्ती पश्चिम-दक्षिण क्षेत्रदेखि चक्रपथ हुँदै श्रीजङ्ग मार्गसम्मको सडक स्तरोन्नतिका लागि ८३ लाख ६२ हजार ५५४ रूपैयाँ १४ पैसा लागत अनुमान गरिएको छ ।

दमक-१० को नयाँ आमबारी खेलमैदान क्षेत्रमा कालोपत्रे सडक निर्माणका लागि ३३ लाख ३० हजार ७८० रूपैयाँ ५२ पैसा र दमक-३ को आमचोक पश्चिम काबेली मार्ग तथा मिलिजुली मार्ग स्तरोन्नतिका लागि ६५ लाख ५५ हजार ५१६ रूपैयाँ ९२ पैसा लागत अनुमान गरिएको छ ।

त्यस्तै, दमक-२ का ढुंगाना चोक, पूर्व जोगी चोक हुँदै मदन भण्डारी राजमार्ग जोड्ने सडक तथा देविभ्कान मार्ग स्तरोन्नतिका लागि ६९ लाख २५ हजार ३५३ रूपैयाँ ६४ पैसा र आम्दा रोडदेखि मित्र न्यौपानेको घर हुँदै हिमावि रोडसम्मको सडक स्तरोन्नतिका लागि २६ लाख ९२ हजार ३४२ रूपैयाँ ४९ पैसा लागत अनुमान छ ।

दमक-१ को खुद्रे मार्ग स्तरोन्नतिका लागि ३३ लाख ५६ हजार ५९४ रूपैयाँ २५ पैसा, दमक-६ मा कालोपत्रे सडक मर्मत (ओभरले) का लागि ३५ लाख २७ हजार ९३६ रूपैयाँ १४ पैसा र दमक-१ को नमुना मार्ग स्तरोन्नतिका लागि ४२ लाख ७० हजार ३४६ रूपैयाँ लागत अनुमान गरिएको छ ।

दमक-१ र २ जोड्ने संगम चोकदेखि भट्टराईको कल्भर्ट हुँदै रामचोकसम्मको सडक स्तरोन्नतिका लागि १ करोड १५ लाख १२ हजार ९३५ रूपैयाँ ५४ पैसा र दमक-१० को किरण मार्ग स्तरोन्नतिका लागि २७ लाख ६८ हजार ५२९ रूपैयाँ ८६ पैसा लागत अनुमान गरिएको छ ।

सडक योजनाको सूचीबाट हटाइएको आमबारी ग्राउन्ड दक्षिणको कालोपत्रे सडक निर्माण योजनाको स्थानमा दमकका १४ विद्यालयको भवन तथा पूर्वाधार निर्माणसम्बन्धी योजना समावेश गरिएको छ । उक्त योजनामा सहभागी हुने निर्माण व्यवसायीको औसत वार्षिक निर्माण

कारोबार कम्तीमा ३ करोड ४४ लाख रूपैयाँ र निर्दिष्ट निर्माण अनुभव १ करोड ९६ लाख बाँकी ८ पेजमा ▸▸

बडा दशैं २०८३ को शुभकामना

दमकको गौरव दमकको शान

भव्य, आकर्षक र सुविधायुक्त पाँचतारे होटलको आगमन

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा समस्त सेवाग्राही तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनी तथा शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

सिव साह
(चेयरमेन)

शिवानी होलीडे इन सुइट
दमक-९, जेसीस मार्ग, झापा

सम्पादकीय

दशैंमा स्वास्थ्यको ख्याल गरौं

नेपालीहरुको महान् चाड दशैं घरआँगनमा भित्रिँदा सम्पूर्ण जनजीवनमा एक किसिमको उल्लास, उमंग र उत्साह छाउने गर्छ । यो पर्व केवल धार्मिक वा सांस्कृतिक रुपले मात्र महत्वपूर्ण छैन, यसले लामो समयदेखि टाढा रहेका परिवारका सदस्य, नातेदार र इष्टमित्रहरुलाई एकै ठाउँमा जम्मा गराएर आपसी सद्भाव, प्रेम र भाइचारा साटासाट गर्ने सुवर्ण अवसर पनि प्रदान गर्दछ । वर्षभरिको थकान र व्यस्ततालाई बिर्सिएर सबैले हर्सोल्लासका साथ मनाउने यो पर्वले सामाजिक एकतालाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्छ । तर, पछिल्लो समय दशैं मनाउने परम्परागत शैली र खानपानमा आएको आमूल परिवर्तनले भने हाम्रो स्वास्थ्यमा गम्भीर चुनौतीहरु थप्दै लगिएको छ । चाडपर्व भनेको खान नपाएको बेबबि खाने वा अनियन्त्रित भएर पेट भर्ने अवसर मात्र होइन, बरू स्वस्थ्य जीवनको आधारमा खुसीयाली बाँड्ने पर्व हो । त्यसैले दशैंको यो उल्लासपूर्ण वातावरणमा खानपानप्रतिको सचेतना र संयम अति नै आवश्यक बनेको छ ।

हाम्रो संस्कृति र परम्परामा दशैंलाई विशेष परिकार बनाउने र खाने पर्वका रुपमा लिने गरिन्छ । ऐतिहासिक रुपमा हेर्ने हो भने, विगतमा सीमित स्रोतसाधन र उच्च शारीरिक श्रमका कारण घरमै शुद्ध र अर्गानिक रुपमा तयार पारिएका परिकारले मानिसको शरीरलाई खासै हानि पुर्‍याउँदैनथ्यो । त्यतिबेला मानिसहरुको जीवनशैली अत्यधिक क्रियाशील थियो, जसले गर्दा खाएको खाना सजिलै पच्थ्यो । तर, आज समय फेरिएको छ । आधुनिकीकरण र बदलिँदो जीवनशैलीका कारण हाम्रो भान्छा र खानपानको शैलीमा ठूलो फेरबदल आएको छ । बजारमा पाइने अत्यधिक चिल्लो, मसलायुक्त, अत्यधिक गुलियो र प्रशोधित जंक फुडको प्रयोग तीव्र गतिमा बढेको छ । यसका साथै, दशैंका नाममा अत्यधिक मात्रामा रातो मासुको सेवन गर्ने र शारीरिक गतिविधिको पूर्ण बेवास्ता गर्ने प्रवृत्ति मौलाएको छ । यस किसिमको असन्तुलित खानपान र अल्छीपनले दशैंको समयमा र यसपछिका दिनहरुमा मानिसहरु विभिन्न शारीरिक समस्याको सिकार बन्ने गरेका छन् ।

चाडपर्वका बेला खानपानमा हुने अनियन्त्रित र असन्तुलित बानीले हाम्रो शरीरको पाचन प्रणालीमा गम्भीर असर पुर्‍याउँछ । अत्यधिक चिल्लो, पिरो, तथा मसलादार खाना लगातार खाँदा पेटमा अपच हुने, ग्यास्ट्रिक बढ्ने, एसिडिटीको समस्या देखिने र कडा पेट दुख्ने जस्ता समस्याहरु सामान्य बन्छन् ।

विशेष गरी पहिले नै उच्च रक्तचाप, मधुमेह, मुटुरोग र कोलेस्ट्रोलजस्ता दीर्घरोगबाट ग्रसित बिरामीहरुका लागि त यो समय झनै जोखिमपूर्ण साबित हुन्छ । औषधि सेवन गरिरहेका वा आहारमा विशेष ध्यान दिनुपर्ने व्यक्तिहरुले चाडपर्वको रमझममा खानपानको अनुशासन तोड्दा अस्पताल पुग्नुपर्ने अवस्थासमेत सिर्जना हुने गरेको छ । यसका अलावा, लगातारको भारी खाना र शारीरिक श्रम वा व्यायामको कमीले गर्दा शरीरमा अतिरिक्त बोसो जम्मा हुने, तौल द्रुत गतिमा बढ्ने र शरीरमा भारीपन तथा सुस्ती महसुस हुने समस्या देखा पर्छ, जसले दीर्घकालमा मोटोपन र अन्य मेटाबोलिक विकारहरु निम्त्याउँछ । यी सबै स्वास्थ्यसम्बन्धी जोखिमहरुबाट बच्दै दशैंको पूर्ण आनन्द लिनका लागि खानपानमा गम्भीरतापूर्वक केही महत्वपूर्ण कुराहरु अपनाउनु अपरिहार्य छ । महत्वपूर्ण पक्ष भनेको शरीरमा पानीको मात्रा सन्तुलित राख्नु हो । चाडपर्वको भागदौड र रमाइलोमा मानिसहरु प्रायः पानी पिउन बिर्सन्छन्, जसले शरीरमा समस्या निम्त्याउन सक्छ । पर्याप्त मात्रामा सफा पानी, कागती पानी, नरिवलको पानी वा ताजा फलफूलको रस पिउँदा शरीरमा पानीको कमी हुँदैन र विषाक्त पदार्थहरु बाहिर निस्कन मद्दत गर्छ । खानपानसँगै शारीरिक गतिविधिको पाटोलाई पनि उत्तिकै ध्यान दिनुपर्छ । चाडपर्वको छुट्टी छ भन्दैमा दिनभर सुत्ने वा अल्छी भएर बस्नुको सट्टा बिहानको समयमा नियमित रुपमा हिँड्ने (वाक गर्ने), योगा गर्ने वा हलुका व्यायाम गर्ने बानी बसाल्नुपर्छ । तसर्थ, आउँदै गरेको यो दशैंमा परम्परागत अन्धविश्वास वा भिडको पछाडि लागेर अति धेरै मिठो र अनियन्त्रित खाने बानीको अन्त्य गरौँ र सन्तुलित र स्वस्थ खाने जीवनशैलीको विकास गरौँ ।

बडादसैँमा खसीबोकाको कारोबार

✍ विश्वनाथ खरेल

नेपालको सबैभन्दा ठूलो चाड बडादसैँको पूर्वसन्ध्यामा देशभर खसीबोका र च्याङ्ग्राको कारोबारमा देखिएको गिरावटले व्यापारिक, उपभोक्ता आदि क्षेत्रलाई असर गरेको छ। देशमा हालै घटेका विभिन्न प्रकारका प्राकृतिक विपत्तिका कारणहरूले गर्दा आर्थिक स्थितिको चित्र पनि स्पष्ट पारेको छ। परम्परागत रूपमा दसैँमा परिवार-परिवारले खसीबोका काटेर पूजा गर्ने, मासुको सेवन बढाउने र गाउँ-सहरबीचको आर्थिक चक्रलाई गति दिने चलन रहँदै आएको छ। तर, पछिल्ला वर्षहरू, विशेष गरी २०८३ सालको दसैँमा यो कारोबार उल्लेखनीय रूपमा खुम्चिएको छ। काठमाडौँ उपत्यकामा मात्र गत वर्षको तुलनामा २० देखि २५ प्रतिशतसम्म बिक्री घटेको तथ्यांकहरूले देखाएका छन् ।

दसैँ र खसीबोकाको परम्परागत महत्व

बडादसैँ नेपाली समाजको सांस्कृतिक, धार्मिक र आर्थिक जीवनको केन्द्रबिन्दु हो । दुर्गा भगवतीको पूजामा बलिदानको परम्परासँग जोडिएको यो चाडमा खसी, बोका, च्याङ्ग्रा र भेडाको माग उच्च हुन्छ। काठमाडौँ उपत्यकामा मात्र दसैँको दुई हप्तामा सामान्यतया ५० हजारदेखि १ लाखसम्म जिउँदा खसीबोका खपत हुने गरेको अनुमान छ। यसबाट उपत्यकामा मात्र करिब ३ अर्ब रुपैयाँभन्दा बढीको कारोबार हुन्छ। देशभरको यो आँकडा अझ ठूलो हुन्छ। हिमाली जिल्लाबाट च्याङ्ग्रा, पहाडी क्षेत्रबाट खसीबोका र तराईबाट स्थानीय जातका खसीबोकाहरू बजारमा आउने गर्छन् ।

कारोबारमा देखिएको गिरावट

काठमाडौँको कलंकी खसीबजारका व्यवस्थापकको भनाइअनुसार गत वर्ष त्यहाँबाट मात्र २७ हजार खसीबोका, च्याङ्ग्रा र भेडा बिक्री भएका थिए। यस वर्ष त्यो संख्या २१ हजारमा झरेको छ। जुन करिब २५ प्रतिशतको गिरावट हो। उपत्यकाभरि गत वर्ष ५५ हजारसम्म खसीबोको बिक्री भएकोमा यस वर्ष ४० देखि ४५ हजारको हाराहारीमा रहने अनुमान गरिएको छ। काठमाडौँ चौपाया खरिदबिक्री संघका अनुसार माग ४० देखि ४२ हजारको हाराहारीमा सीमित हुने देखिएको छ। तसर्थ, सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यस वर्ष खसीबोका र च्याङ्ग्रा बिक्री नै नगर्ने निर्णय गरेको छ। विगत वर्षहरूमा सुपथ मूल्यमा जनावर बेचेर बजार नियन्त्रण गर्न खोज्ने यो कम्पनीले बजेट अभाव, यातायातको जोखिम र लगातारको घाटाका कारण यस वर्ष पछि हटेको हो। यसले पनि बजारमा आपूर्ति र मूल्यमा असर पारेको छ। जसको मूल्यको अवस्था पनि मिश्रित छ। जिउँदो खसीको मूल्य प्रतिकिलो ७ सय ५० देखि ८ सय ५० रुपैयाँ पुगेको छ, जुन गत वर्षको ६ सय ५० देखि ७ सयभन्दा बढी हो। मासुको मूल्य त अझै उच्च छ। गत असारमै प्रतिकिलो १७ सय रुपैयाँसम्म पुगेको खसीबोकाको मासु दसैँमा अझ बढ्न सक्ने व्यापारीहरूको अनुमान छ। च्याङ्ग्राको मूल्य भने कहीँकतै घटेको पनि देखिएको छ, किनकि माग नै कम भएको छ। मुस्ताङबाट आएका च्याङ्ग्रा गत वर्ष ४० हजारसम्म पर्नेमा यस वर्ष ३५ हजार हाराहारीमा बिक्री भएका उदाहरणहरू छन् । तर, समग्रमा उपभोक्ताको क्रयशक्ति कमजोर भएकाले ठूला खसीबोका किन्ने प्रवृत्ति घटेको छ। धेरै परिवारले जिउँदो जनावर किन्नुको सट्टा केही किलो मासु मात्र किन्ने गरेका छन् ।

कारोबार खस्किनुका मुख्य कारण

पहिलो र सबैभन्दा महत्वपूर्ण कारण आर्थिक मन्दी र क्रयशक्तिको ह्रास हो। नेपालमा पछिल्ला वर्षहरूमा मुद्रास्फीति, बेरोजगारी र राजनीतिक अस्थिरताले घरपरिवारको खर्च गर्ने क्षमता घटाएको छ। दसैँमा नयाँ लुगा, गहना, विद्युतीय सामान र मासु किन्ने परम्परा भए पनि यस वर्ष मानिसहरू आवश्यक वस्तुमा मात्र सीमित रहन बाध्य भएका छन्। सुनको बिक्री ७० प्रतिशतसम्म घटेको, कपडा बजारमा सन्नाटा छाएको र समग्र उपभोग ५० प्रतिशतसम्म घटेको रिपोर्टहरू आएका छन्। यस्तो अवस्थामा महँगो खसीबोका किन्ने क्षमता धेरै परिवारमा छैन ।

दोस्रो कारण प्राकृतिक विपत्ति हो। रसुवाको भोटेकोसी बाढीले ठूलो जनधनको क्षति पुर्‍यायो। बाटो अवरुद्ध हुँदा खसीबोका ल्याउन कठिन भयो। अविरल वर्षा र पहिरोले देशका विभिन्न भागमा सडक बिगारेको छ। यातायात खर्च बढेको छ। जनावरको तौल घट्ने वा मर्ने जोखिम बढेको छ। यसले आपूर्तिकर्तालाई हतोत्साहित बनाएको छ। चीनसँगका तीनवटै प्रमुख सीमा नाकाहरूमा अवरोध आएपछि दसैँका लागि आयातित सामानहरू अड्किएका छन्, जसले समग्र बजारको मनोबल घटाएको छ ।

तेस्रो कारण आपूर्ति पक्षको कमजोरी हो। बाढीपहिरोका कारण गाउँगाउँबाट जनावर ल्याउन कठिन भएको छ। उत्पादन बढे पनि बजारसम्म पुर्‍याउन समस्या छ। किसानले पालेका खसीबोका बेच्न नपाएर चिन्तित छन्। सरकारी कम्पनीले कोटा घटाएपछि स्थानीय बजारमा थप दबाब परेको छ।

चौथो कारण सामाजिक र मनोवैज्ञानिक पक्ष हो। राजनीतिक आन्दोलन, बाढीको पीडा र आर्थिक अनिश्चितताले मानिसहरूको चाडपर्व मनाउने उत्साह घटाएको छ। धेरै परिवारले यस वर्ष साधारण रूपमा दसैँ मनाउने निर्णय गरेका छन्। बलिदानको परम्परामा पनि केही परिवर्तन आउँदै गरेको देखिन्छ।

किसान, व्यापारी र उपभोक्तामा परेको प्रभाव

किसानहरू सबैभन्दा बढी प्रभावित भएका छन्। बाखापालन ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण हिस्सा हो। कम लगानीमा सुरु गर्न सकिने यो व्यवसायले महिला र सीमान्तकृत समुदायलाई आयआर्जनको अवसर दिन्छ। तर, दसैँमा बिक्री नभएपछि उनीहरूको वर्षभरिको मेहनत खेर जान्छ। ग्रामीण स्तरका साना खालका किसानको आयको रूपमा पनि यो व्यवसाय रहेको छ। यसले ऋणको चक्र बढाउन सक्छ र बाखापालनबाट विमुख हुने अवस्था आउन सक्छ। जसले गर्दा व्यापारीहरूले पनि घाटा बेहोर्नुपरेको छ।

आर्थिक स्थितिसँगको सम्बन्ध

खसीबोकाको कारोबार खस्किनु नेपालको समग्र आर्थिक चुनौतीको लक्षण पनि हो। दसैँ-तिहार-छठको उपभोगले वर्षको कुल उपभोगको ३० देखि ३५ प्रतिशत हिस्सा ओगट्छ। यस वर्षको मन्दीले यो चक्रलाई कमजोर बनाएको छ। यसको मुख्य कारण भने बाढीपहिरोले पूर्वाधार नष्ट गरेको छ। जसको पुनर्निर्माणमा अर्बौं रुपैयाँ लाग्ने अनुमान छ। चीनसँगको व्यापार अवरुद्ध हुँदा आयातित वस्तुको मूल्य बढ्ने खतरा छ। मुद्रास्फीति मासु र माछामा ८ प्रतिशतभन्दा बढी छ। राष्ट्रको अर्थतन्त्र रेमिटेन्स, कृषि र पर्यटनमा निर्भर छ। तर राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप र बाह्य निर्भरताले यसलाई कमजोर बनाएको छ।

बाखापालन जस्तो सानो तर व्यापक क्षेत्रले ग्रामीण अर्थतन्त्रलाई टेवा दिन्छ। यसको संकटले गाउँदेखि सहरसम्म असर पार्छ। उत्पादन बढाउने सरकारी नीति भए पनि बजार पहुँच, यातायात र मूल्य स्थिरताको अभावले किसान लाभान्वित हुन सकेका छैनन्। यसका साथै, जलवायु परिवर्तनका प्रभावहरू बढ्दै गएका छन्। बाढीपहिरो नियमित बन्दै गएका छन्। जसले कृषि र पशुपालन दुवैलाई असर गर्छ। सडक सञ्जालको कमजोरीले लागत बढाउँछ। यी सबैले दसैँजस्तो चाडलाई आर्थिक उत्सवबाट बोझ बनाउँदै लगेको छ।

सम्भावित समाधान र भविष्यको बाटो

यस संकटलाई सम्बोधन गर्न बहुआयामिक प्रयास आवश्यक छ। पहिलो, यातायात पूर्वाधारलाई बलियो बनाउनुपर्छ। बाढीपहिरो प्रतिरोधी सडक र वैकल्पिक मार्गहरू विकास गर्नुपर्छ। दोस्रो, किसानलाई बजार पहुँच सहज बनाउन सहकारी, डिजिटल प्लेटफर्म र सरकारी खरिद प्रणालीलाई सुदृढ बनाउनुपर्छ। तेस्रो, मूल्य स्थिरीकरणका लागि पर्याप्त स्टक र सुपथ मूल्य पसलहरूलाई प्रभावकारी बनाउनुपर्छ। चौथो, बाखापालनलाई व्यावसायिक बनाउन बीमा, गुणस्तरीय नश्ल, पशु आहार र पशुचिकित्सा सेवा विस्तार गर्नुपर्छ। तसर्थ सरकारले दसैँजस्ता चाडहरूमा विशेष आर्थिक प्याकेज ल्याउन सक्छ, जसले क्रयशक्ति बढाओस्। दीर्घकालीन रूपमा आर्थिक विविधीकरण, रोजगारी सिर्जना र जलवायु अनुकूलन नीतिहरू आवश्यक छन्। उपभोक्तालाई पनि सचेत बनाउनुपर्छ कि स्थानीय उत्पादनलाई प्राथमिकता दिँदा किसान र अर्थतन्त्र दुवै फाइदा हुन्छ।

बडादसैँमा खसीबोकाको कारोबार खस्किनुका धेरै कारण छन्। यसले नेपालको अर्थतन्त्रमा गहिरो चुनौतीलाई उजागर गरेको छ। क्रयशक्तिको संकट, प्राकृतिक विपत्तिको जोखिम, पूर्वाधारको कमजोरी र नीतिगत समन्वयको अभाव पनि प्रमुख कारण हुन्। यदि यी समस्यालाई समयमै सम्बोधन गरिएन भने चाडपर्वको परम्परा कमजोर मात्र हुँदैन, ग्रामीण अर्थतन्त्रको आधार नै हल्लिनेछ। दसैँको माला र टीकाजस्तै आर्थिक समृद्धि पनि सबैको साझा हुनुपर्छ। यसका लागि सरकार, निजी क्षेत्र, किसान र उपभोक्ता सबैले मिलेर काम गर्नुपर्ने बेला आएको छ। नत्रभने आगामी वर्षहरूमा यो गिरावट अझ गहिरो बन्न सक्छ। जसले समग्र राष्ट्रिय अर्थतन्त्रलाई असर पार्नेछ।

निष्कर्ष

अन्त्यमा, बडादसैँमा खसीबोकाको कारोबार खस्किँदै गएको विषय नेपाली समाजको बदलिँदो आर्थिक अवस्था, उपभोग्य संस्कृतिमा आएको परिवर्तन र कृषि तथा पशुपालन क्षेत्रका चुनौतीसँग जोडिएको महत्वपूर्ण विषय हो। खसीबोका बजारमा देखिने सुस्ततालाई केवल व्यापारीको बिक्री घटेको घटनाका रूपमा बुझ्नु मात्र पर्याप्त हुँदैन। यसले किसानको आम्दानी, ग्रामीण अर्थतन्त्र, उपभोक्ताको क्रयशक्ति, रोजगारी र समग्र बजार व्यवस्थापनका विषयलाई पनि उजागर गर्छ।

महँगी, आम्दानी र खर्चबीचको असन्तुलन, पशुको मूल्य वृद्धि, ढुवानीको समस्या, कमजोर बजार पूर्वाधार तथा उपभोक्ताको बदलिँदो जीवनशैलीले कारोबारलाई प्रभावित पार्न सक्छ। तर, सबै क्षेत्रमा खसीबोकाको कारोबार घटेको छ वा घट्दो कारोबार नै देशको आर्थिक मन्दीको प्रत्यक्ष प्रमाण हो भन्ने निष्कर्षमा पुग्न पर्याप्त तथ्यांक आवश्यक हुन्छ।

दसैं त उही हो, हामी उस्तै रहेनौं !

✍ अस्मिता खनाल

शरद फेरि उस्तै गरी आएको छ। आकाशबाट बादल पन्छिँदै छन्, बिहानको हावामा हल्का चिसोपन मिसिएको छ। घर-घरमा जमरा उम्रिँदै छन्, कतै मालश्रीको धुन सुनिन थालेको छ। बाटाहरू घर फर्किने मानिसका पाइतालाले फेरि व्यस्त छन्। यी सबैले बिस्तारै भनिरहेका छन्–दसैं आएछ।

तर हरेक वर्ष यही मौसम फर्केर आउँदा मन उत्सवमा रमाउनुभन्दा पहिले कताकता विगततिर पुग्दो रहेछ।

त्यही आँगन सम्झिन्छु, जहाँ कुनै समय नाङ्गा खुट्टा दौडिन्थैँ। त्यही पिङ सम्झिन्छु, जहाँ आफ्नो पालोका लागि घण्टौँ कुर्दा पनि समय लामो लाग्दैनथ्यो। नयाँ कपडाको त्यो छुट्टै गन्ध सम्झिन्छु, जसलाई दसैंको बिहानसम्म जतन गरेर राखिन्थ्यो। अनि सबैभन्दा बढी सम्झिन्छु, आमाको वरिपरि घुम्दै बारम्बार सोधेको त्यो एउटै प्रश्न,

'आमा, दसैं आउन अब कति दिन बाँकी छ ?' त्यतिबेला दसैं आउन हतार थियो।

आज पनि दसैंको प्रतीक्षा हुन्छ, तर कारण फेरिएको छ। त्यतिबेला दसैं कहिले आउला भन्ने पर्खाइ थियो, आज दसैं आएपछि घर कहिले जान पाइएला भन्ने पर्खाइ छ।

दसैं त उही छ। सायद उस्तै नरहेका हामी हौँ। ऋतु फर्किन्छ, चाड फर्किन्छ, पात्रोका तिथि पनि फर्किन्छन्, तर समयले लगेको उमेर फर्किँदैन रहेछ।

कुनै समय हाम्रो सबैभन्दा ठूलो प्रश्न थियो, 'दसैं कहिले आउँछ ?' आज घरबाट आमाको फोन आउँछ,'दसैंमा घर कहिले आउँछस् ?'

पहिले दसैं आउन दिन गनिन्थ्यो। अहिले दसैं आउँदा घर जान कति दिन बिदा मिल्ला भनेर दिन गनिन्छ। पहिले दसैं पर्खन घरमै बसिन्थ्यो। अहिले घर फर्किन दसैं पर्खिनुपर्छ। सायद वर्षहरूले हाम्रो उमेर मात्रै बढाएनन्, हाम्रा प्रतीक्षाहरू पनि फेरिदिए।

पहिले दसैं आउन ढिलो लाग्थ्यो, अहिले दसैं आएर गएको पत्तै हुँदैन। पहिले दसैंको प्रतीक्षा थियो, अहिले दसैं बहाना बनेको छ–घर फर्किने, आमाबुबासँग केही दिन बस्ने, वर्षभरि छुटेका आफ्ना मान्छेहरूलाई भेट्ने।

दसैं त उही हो, हामी उस्तै रहेनौं। उही शरदको खुला आकाश छ, उही बिहानको चिसो हावा छ। घरमा जमरा आज पनि उस्तै उम्रिन्छ, टीका आज पनि उस्तै रातो हुन्छ। भान्साबाट आउने परिकारको बास्ना पनि उस्तै छ। फरक यत्ति हो–कुनै समय यही सबै कुराले मनभित्र जुन उत्साह जगाउँथ्यो, त्यो उत्साह आज सम्झनामा बढी भेटिन्छ।

बाल्यकालमा दसैं आउनुभन्दा पहिले नै मन दसैंमय भइसकेको हुन्थ्यो। नयाँ लुगा कहिले किन्ने, पिङ कहाँ हाल्ने, स्कुल कहिले बिदा हुने, मामाघर कहिले जाने–हाम्रा चिन्ता पनि कति सुन्दर थिए ?

आज चिन्ताका नाम फेरिएका छन्। बिदा कति दिन छ ? टिकट पाइन्छ कि पाइँदैन ? काम कसलाई बुझाउने ? कहिले फर्किनुपर्ने हो ?

पहिले नयाँ लुगा लगाउने दिन कुर्न गाह्रो हुन्थ्यो। अहिले दराजमा लुगा छन्, तर त्यो प्रतीक्षा छैन। पहिले दस-बीस रुपैयाँ दक्षिणा पाएर मन भरिन्थ्यो, अहिले कमाइ बढेको छ तर मन त्यति सजिलै भरिँदैन।

पहिले पिङबाट घर फर्किन मन लाग्दैनथ्यो। अहिले दसैं सकेर घरबाट फर्किन मन लाग्दैन। पहिले आमाले टाढाबाट बोलाउनुहुन्थ्यो,'अब खेल्न छोडेर घर आइज।'

अहिले छुट्टी सकिन लाग्दा भन्नुहुन्छ,'अझै एक/दुई दिन बसेर गए हुँदैन ?' त्यो बेला आमाको बोलावट छलेर केहीबेर बढी खेल्नुमा खुसी थियो। आज आमाको त्यही आग्रह छलेर काममा फर्किनुपर्दा मन कताकता भारी हुन्छ। समयले कति चुपचाप भूमिका फेरिदिएछ। हिजो हामी ढोकातिर हेरेर दसैंको प्रतीक्षा गर्थ्यौं। आज त्यही ढोकातिर आमाबुबा हाम्रो प्रतीक्षा गर्नुहुन्छ।

हिजो प्रश्न हाम्रो हुन्थ्यो, 'दसैं कहिले आउँछ ?' आज फोनको अर्को छेउबाट प्रश्न आउँछ, 'दसैंमा घर कहिले आउँछस् ?' सायद यति नै दूरी छ बाल्यकाल र आजबीच। दसैं फेरिएको छैन। फेरिएको छ हाम्रो उमेर। फेरिएका छन् हाम्रा जिम्मेवारी। फेरिएका छन् हाम्रा पर्खाइहरू। र सबैभन्दा बढी फेरिएको छ घरसँगको हाम्रो सम्बन्ध।

पहिले घर त्यही ठाउँ थियो, जहाँबाट बाहिर निस्किन हतार हुन्थ्यो। आज संसारको जति टाढा पुगे पनि केही दिनका लागि फर्किन मन लाग्ने ठाउँ त्यही घर भएको छ। बाल्यकालमा हामीलाई दसैं चाहिन्थ्यो। अहिले दसैंभन्दा बढी घर चाहिन्छ। र घर पुग्दा बुझिन्छ–हामीले सम्झिरहेको बाल्यकालको दसैं वास्तवमा दसैं मात्रै थिएन। त्यो जिम्मेवारी नबोकेको उमेर थियो, आमाबुबा कहिल्यै बूढा हुँदैनन् भन्ने भ्रम थियो, आफ्ना मान्छेहरू सधैं वरिपरि रहन्छन् भन्ने निश्चिन्तता थियो।

आज दसैंमा टीका लगाउन बस्दा दक्षिणातिर आँखा जाँदैन, आमाबुबाको अनुहारतिर जान्छ। हिजो नदेखिएका चाउरी देखिन्छन्। कपालमा थपिएको सेतो देखिन्छ। टाउकोमाथि आशीर्वाद दिन उठेका हातहरू पहिलेभन्दा अलि कमजोर देखिन्छन्। अनि मनले चुपचाप भन्छ–दसैं अर्को वर्ष फेरि आउला, तर समय यहीँ फर्केर आउँदैन।

सायद त्यसैले अहिले दसैंको खुसीसँग एउटा नबोलिएको डर पनि मिसिएको हुन्छ। अर्को दसैंमा पनि सबै जना यसरी नै भेटिएलान् ?

ढोका खोल्दा उही आवाज सुनिएला ? टाउकोमा टीका लगाइदिने उही हातहरू रहिरहलान् ? बाल्यकालमा यस्ता प्रश्न थिएनन्। हामीलाई लाग्थ्यो–दसैं हरेक वर्ष आउँछ, त्यसैले सबै कुरा हरेक वर्ष उस्तै रहन्छ। ठूलो भएपछि बुझियो, दसैं दोहोरिन्छ, जीवन दोहोरिँदैन।

हरेक वर्ष पात्रोमा दसैं फर्केर आउँछ, तर हरेक वर्ष हामीबाट केही न केही पछाडि छुटिरहेको हुन्छ, कहिले बाल्यकाल, कहिले साथीहरूको साथ, कहिले घरको पुरानो चहलपहल, कहिले आफ्नै मान्छे। त्यसैले दसैं त उही हो। उही टीका, उही जमरा, उही आशीर्वाद। उस्तै नरहेका त हामी हौं।

हिजो दसैं सकिँदा स्कुल जानुपर्छ भनेर मन दुख्थ्यो। आज दसैं सकिँदा घर छोड्नुपर्छ भनेर मन दुख्छ। र हिजो अर्को दसैं कहिले आउला भन्ने हतार हुन्थ्यो।

आज मनले यत्ति मात्र भन्छ, अर्को दसैं आउँदा पनि घर फर्किने बाटो उही रहोस्, ढोकामा पर्खिने अनुहारहरू उही रहून् र टाउकोमा आशीर्वाद दिने ती हातहरू अझै रहून्। किनकि दसैं त फेरि आउँछ। मान्छे र समय भने सधैं फर्केर आउँदैनन्।

बिजयादशमी तथा शुभदिपावली २०८३ को सुखद् अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- चाडपर्वका समयमा चोरी बढ्न सक्छ । चनाखो बनौं ।
- मिसावट, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं।
- कानूनले बर्जित गरेका गतिविधिबाट टाढा रहौं ।
- पर्व मनाऔं, मितव्ययीता अपनाऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

कुबेरप्रसाद भट्टराई : वडा अध्यक्ष
लक्ष्मीदेवी बराल : सदस्य
रिना विश्वकर्मा : सदस्य
नरेशकुमार सुनुवार : सदस्य
नरेश बञ्जरा : सदस्य
भोषकुमार थुलुङ : वडा सचिव

९ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

सताक्षीधाममा कविता प्रतियोगीता

दुधे/ श्री गोलोक गोवर्धन गौशाला धार्मिक स्थल सताक्षीधामले आयोजना गरेको भक्तिरसपरक छन्द कविताबाचन प्रतियो गिता सताक्षीधाममा सम्पन्न भएको छ । सताक्षीधाम विकास समितिका उपाध्यक्ष वेदप्रकाश अग्रवालको अध्यक्षता र बरिष्ट कवि कोमलप्रसाद पोखेलको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा सताक्षीधाम गुरुकुल आश्रमका गुरुहरु नन्द किशोर भारध्वज र आचार्य घनश्याम खनालको बिशिष्ट आतिथ्य रहेको थियो भने साहित्य कला सङ्गम दमकका महासचिव ओम प्रसाद खनाल, दमक प्रज्ञा प्रतिष्ठानका पूर्व अध्यक्ष हेमनाथ अधिकारी, सरस्वती कन्या गुरुकुल की प्रमुख बिन्दा बराल ,बरिष्ट कविहरू पुण्यप्रसाद सिग्देल, डिल्लीराज नेपाल लगायतका साहित्यकारहरुको विशेष आतिथ्यता रहेको थियो ।

उक्त कविता प्रतियोगीताको निर्णायक मण्डलमा बरिष्टकविहरु हरिप्रसाद रिमाल,बिन्दु दहाल मूकदर्शक र शिव रेग्मी प्रणत रहनु भएको थियो । कविता प्रतियोगितामा दमकका कवि हरि पराजुली प्रथम, काँकडभिट्टाका कवि जय आचार्य द्वितीय र जीवनहरि शर्मा तृतीय तथा बुद्ध शान्ति गा पा की मोक्षा खतिवडाले शान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो । विजेतालाई क्रमशः प्रथमलाई दश हजार,द्वितीयलाई सातहजार,तृतीयलाई पाँचहजार र ३००० नगदसहित प्रमाण पत्रले सम्मान गरिएको थियो ।

झापा जिल्ला भरिका कवि साहित्यकारहरू सहभागी भएका थिए बिसभन्दा माथि प्रतियोगी कविहरू थिए भने केही अप्रतियोगी कविले कविता वाचन गरेका थिए । प्रतियोगितामा बालदेखि वृद्ध कविहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको सञ्चालन कवि तथा सहित्यकार भीमप्रसाद दहाल र सताक्षीधाम गुरुकुलका गुरुले गरेका थिए ।

राष्ट्रिय बहुमुखी सहकारीद्वारा दृष्टिविहीनहरुलाई सहयता सामाग्री प्रदान

दमक । झापाको दमक ८ सेतुमारी मार्गमा मुख्य कार्यालय रहेको राष्ट्रिय बहुमुखी सहकारी संस्थाले अपाङगता भएका दृष्ट्रिविहीनहरुलाई सहयता सामाग्रीहरु प्रदान गरेको छ ।

२७ औं स्थापना दिवसका अवसर पारेर विहिबार विहान संस्थाको आफनै सभाहलमा संक्षिप्त कार्यक्रम गरि संस्थाले दृष्ट्रिविहीनहरुको सामाजिक संस्था नेपाल आदिवासी जनजाति नेत्रहिन संघ झापालाई नगदसहित सेतो छडी, बैशाखी लगायतका आवश्यकीय सहयता सामाग्रीहरु प्रदान गरेको हो ।

वितरण गरिएको सहयता सामाग्रीहरु नगदसहित रु २५ हजारको रहेको कार्यक्रम संयोजक समेत रहेका संस्थाका कोषाध्यक्ष पारषमणि राईले बताएका छन् ।

ती सहयता सामाग्रीहरु संस्थाका अध्यक्ष एलडी राई, प्रमुख अतिथि जिल्ला सहकारी संघ झापाका अध्यक्ष प्रेम कोइराला, संस्थाकी सल्लाहकार सुमित्रा वाङदेल लगायतले वितरण गरेका थिए । सहयता सामाग्रीहरु नेत्रहीन संघका जिल्ला अध्यक्ष भोजकुमार तामाङलाई हस्तान्तरण गरिएको संस्थाले जनाएको छ ।

संस्था स्थापना दिवसका अवसर पारेर हरेक बर्ष सहकारीले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्यमा सहयोग पुरयाँउदै आएको छ ।

सहयता सामाग्री वितरण कार्यक्रममा प्रमुख अतिथि कोइराला, सल्लाहकारहरु सुमित्रा वाङदेल, कृष्ण गोले, नेत्रहीन संघका जिल्ला अध्यक्ष भोजकुमार तामाङ लगायतले बोलेका थिए भने सञ्चालन संस्थाका सचिव दिपेनवाला राईले गरेका थिए ।

२०५६ साल असोज २९ गते स्थापना भएको उक्त सहकारीले दमकसहित इलामको चुलाचुली गाउँपालिकामा सेवा केन्द्र सञ्चालनमा ल्याएको व्यवस्थापक प्रकाशचन्द्र राईले बताए ।

मनसुन बाहिरियो

दमक/ नेपालबाट मनसुन पूर्णरुपमा बाहिरिएको छ । मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले असोज २८ गते यस वर्षको मनसुन नेपालको सबै भूभागबाट बाहिरिएको जानकारी दिएको हो । मौसमविदहरुका अनुसार नेपालबाट मनसुन पूर्णरुपमा बाहिरिएकाले आगामी केही दिनसम्म मौसम घमाइलो हुने छ । पहाडी भेगका एक-दुई ठाउँमा छिटपुट वर्षाको सम्भावना भए पनि समग्रमा दशैंमा मौसम घमाइलो हुने पूर्वानुमान छ । यस वर्ष असोज १७ गतेदेखि नै पश्चिमी तथा उत्तरी केही भूभागबाट मनसुन बाहिरिन सुरु गरेको थियो । सामान्यतया नेपालमा मनसुन १३ जुनदेखि सुरु भई २ अक्टोबरमा बाहिरिन्छ । तर यस वर्ष १९ जुन अर्थात् असार ५ गते मनसुन भित्रिएको थियो भने सरदर मितिभन्दा १२ दिनपछि बाहिरिएको छ ।

यस वर्ष नेपालबाट मनसुन बाहिरिने सरदर मितिको अवधिमा सरदर वर्षा भएको छ । यद्यपि भूगोल अनुसार वर्षाको मात्रा र प्रतिशत फरक छ । तराई र पहाडको तुलनामा हिमाली क्षेत्रमा बढी वर्षा भएको छ ।

सवारी साधन लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

संस्थाको नाम : हेभेन्ली पाथ हेडक्वार्टर
मुख्य कार्यालय रहेको ठेगाना: बुढानीलकण्ठ न.पा. ७ हात्तिगौडा
शाखा कार्यालय रहेको ठेगाना : कमल गाउँपालिका ५ झापा
सुचना प्रकाशित मिति : २०८३/०६/३०

यस संस्थाको स्वामित्वमा रहेको हाल चालु अवस्थाको सवारी साधन बिक्री स म ब न ध ी रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान :

लिलाम बिक्री गरिने सवारी साधनको विवरण :

क्रस	सवारीको प्रकार	कम्पनी/मोडल नं.	सवारी दर्ता नं.	न्युनतम कबोल रकम हजारमा रु.	धरौटी रकम	कैफियत
१.	सिंगल क्याप पिक अप सामाग्री ढुवानी साधन	महिन्द्रा एण्ड महिन्द्रा, बोलेरो क्याम्पर SC XL FB 1.29 T(2019)	प्र १-०१-००१ च ९५४१	१,७०६/-	१०%	चालु अवस्थाको

मुख्य शर्त तथा सुविधाहरू :

- बोलपत्र फाराम प्राप्त गर्ने र बुझाउने स्थान : हेभेन्ली पाथ हेडक्वार्टरको शाखा कार्यालय कमल गाउँपालिका वडा नं. ५ पाडाजुँगी, झापा ।
- फाराम दस्तुर :- यो फारामको दस्तुर रु. १०००/- लाग्नेछ । फाराम दस्तुर फिर्ता हुनेछैन ।
- फाराम बुझाउने मिति :- यो सुचना प्रकाशित भएको १५ दिनभित्रमा अर्थात मिति २०८३ साल कार्तिक १३ गते शुक्रबार दिनको ठीक १२:०० बजे सम्म सिलबन्दी गरी फाराम बुझाइसक्नुपर्नेछ । तोकिएको समयभन्दा पछाडि वा सिलबन्दी नगरिएको फाराम बुझिने छैन ।
- **सवारी साधनको निरीक्षण :-** ईच्छुक बोलपत्र दाताले लिलाम बिक्री हुने सवारी साधन कार्यालय समयभित्र यस कार्यालयको हातामा आई निरीक्षण गर्न सक्नेछन् । पछि यस विषयमा कुनै दावी लाग्ने छैन ।
- **धरौटी रकम :** कबोल गर्ने कुल रकमको न्युनतम १० प्रतिशत बराबरको रकम यस संस्थाको ग्लोबल आइएमइ बैंकमा रहेको खाता नं. ०३३०१०१००००३७५ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस संस्थाको नाममा जारी गरिएको बोलपत्र जमानत (Bid Security) बोलपत्रको साथ पेश गर्नुपर्नेछ । अस्वीकृत भएको बोलपत्रको जमानत सवारी साधन खरीद बिक्रीका लागि सम्झौता भएको मितिले तीन दिनभित्र फिर्ता गरिनेछ ।
- **बोलपत्र खोलिने मिति स्थान र समय :-** दर्ता भएको बोलपत्रहरु मिति २०८३/०७/१३ गते शुक्रबार दिउँसो २:०० बजे कमल गाउँपालिका वडा नं. ५ पाडाजुँगी झापा स्थित संस्थाको शाखा कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- **स्वीकृति वा अस्वीकृति :-** प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
- **अन्य जानकारीको लागि सम्पर्क नं. :-** ९८६२९२५९५५, ९८४२७०५६९७, ९८६२३७५०३५

सवारी साधन लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

संस्थाको नाम :- स्वर्गिक मार्ग संघ नेपाल
मुख्य कार्यालय रहेको ठेगाना :- बुढानीलकण्ठ न.पा. ७ हात्तिगौडा
शाखा कार्यालय रहेको ठेगाना :- कमल गाउँपालिका ५ झापा
सुचना प्रकाशित मिति :- २०८३/०६/३०

यस संस्थाको स्वामित्वमा रहेको हाल चालु अवस्थाको सवारी साधन बिक्री सम्बन्धी रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान :

लिलाम बिक्री गरिने सवारी साधनको विवरण :

क्रस.	सवारीको प्रकार	कम्पनी/मोडल नं.	सवारी दर्ता नं.	न्युनतम कबोल रकम हजारमा रु.	धरौटी रकम	कैफियत
१.	निजी	महिन्द्रा एण्ड महिन्द्रा, बोलेरो SLX (2008)	को १ च ७७१०	५४०/-	१०%	चालु अवस्थाको

मुख्य शर्त तथा सुविधाहरू :

- ❒ बोलपत्र फाराम प्राप्त गर्ने र बुझाउने स्थान : स्वर्गिक मार्ग संघ नेपालको शाखा कार्यालय कमल गाउँपालिका वडा नं. ५ पाडाजुँगी, झापा ।
- ❒ फाराम दस्तुर :- यो फारामको दस्तुर रु. १०००/- लाग्नेछ । फाराम दस्तुर फिर्ता हुने छैन ।
- ❒ **फाराम बुझाउने मिति :-** यो सुचना प्रकाशित भएको १५ दिनभित्रमा अर्थात मिति २०८३ साल कार्तिक १३ गते शुक्रबार दिनको ठीक १२:०० बजे सम्म सिलबन्दी गरी फाराम बुझाइसक्नुपर्नेछ । तोकिएको समयभन्दा पछाडि वा सिलबन्दी नगरिएको फाराम बुझिने छैन ।
- ❒ सवारी साधनको निरीक्षण :- ईच्छुक बोलपत्र दाताले लिलाम बिक्री हुने सवारी साधन कार्यालय समयभित्र यस कार्यालयको हातामा आई निरीक्षण गर्न सक्नेछन् । पछि यस विषयमा कुनै दावी लाग्ने छैन ।
- ❒ **धरौटी रकम :-** कबोल गर्ने कुल रकमको न्युनतम १० प्रतिशत बराबरको रकम यस संस्थाको हेभेन्ली पाथ अर्गनाइजेशन नेपालको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. ११२०१००००१६२३००१ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस संस्थाको नाममा जारी गरिएको बोलपत्र जमानत (Bid Security) बोलपत्रको साथ पेश गर्नुपर्नेछ । अस्वीकृत भएको बोलपत्रको जमानत सवारी साधन खरीद बिक्रीका लागि सम्झौता भएको मितिले तीन दिनभित्र फिर्ता गरिनेछ ।
- ❒ **बोलपत्र खोलिने मिति स्थान र समय :-** दर्ता भएको बोलपत्रहरु मिति २०८३/०७/१३ गते शुक्रबार दिउँसो २:०० बजे कमल गाउँपालिका वडा नं. ५ पाडाजुँगी झापा स्थित संस्थाको शाखा कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- ❒ **स्वीकृति वा अस्वीकृति :-** प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
- ❒ **अन्य जानकारीको लागि सम्पर्क नं. :** ९८४२६९१९८३, ९८४२७०५६९७, ९८४४६२१२६०

दैनिक राशिफल

आज मिति
२०८३ साल
असोज ३० गते
शुक्रबार
16 Oct. 2026
तिथि: षष्ठी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	अध्ययनमा सफलता । धन लाभ, मन खुशी ।
वृष	इ उ ए ओ वा वि वु वे वो	शत्रु पत्र सक्रिय रहने । धेरै सावधानी अपनाउनु होला।
मिथुन	का कि कु घ ङ छ के को हा	मन खुशी । गरेका कामहरुमा सफलता ।
कर्कट	(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)	ब्यापार व्यवसायमा लाभ । धन सम्पति जोडिने ।
सिंह	मा मि मु मे मो टा टि टु टे	वैदेशिक रोजगारीमा असफलता । स्वास्थ्यमा भने सुधार ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	लेनदेन गर्दा सावधानी अपनाउनु पर्ने । विश्वासघात होला ।
तुला	(रा, रि, रु, रे, रो, ता, ति, तु, ते)	आर्थिक पक्ष कमजोर । मनमा अनेकौ कुरा खेल्ने
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	नयाँ ठाउँको भ्रमण योग । मिष्ठान्न भोजन प्राप्ती ।
धनु	य यो भा भी भ धा फा ढ भे	धर्मकर्ममा मन जाने । मनमा उत्साह बढेर आउने ।
मकर	भो जा जी खि खू खे खो गा गी	पठन पाठनमा सुधारको खाँचो परिश्रम धेरै नै गर्नुपर्ला ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	मनमा खट्पटि । स्वास्थ्यमा केही सुधार ।
मीन	दि दु थ झ ञ दे दो चा ची	मित्रहरुबाट सहयोग । आफन्तजनसँग भेटघाट ।

प्रथम नागरिक धिमाल व्यवस्थापन समितिको नवौं वार्षिकोत्सव

दमक/ दमक नगरपालिकाले धिमाल जातिलाई 'प्रथम नागरिक' घोषणा गरेको नौ वर्ष पुगेको अवसरमा प्रथम नागरिक धिमाल व्यवस्थापन समितिले नवौं वार्षिकोत्सव तथा वार्षिक साधारणसभा बिहीबार सम्पन्न गरेको छ ।

दमकस्थित पशुपति मन्दिरको सभाहलमा आयोजित कार्यक्रम समितिका अध्यक्ष तेजबहादुर धिमालको अध्यक्षतामा भएको थियो । दमक नगरपालिकाका नगरप्रमुख रामकुमार थापा प्रमुख अतिथि तथा कोशी प्रदेशसभा सदस्य नम्बरलाल धिमाल विशिष्ट अतिथि थिए । कार्यक्रममा समितिका कार्यवाहक अध्यक्ष केदार धिमाल, संरक्षक लोकबहादुर धिमाल, दमक-९ का वडाध्यक्ष कुबेरप्रसाद भट्टराई र सल्लाहकार संयोजक सूर्यबहादुर धिमाललगायत धिमाल समुदायको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रममा अध्यक्ष तेजबहादुर धिमालले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै धिमाल समुदायको भाषा, संस्कृति, परम्परा संरक्षण तथा आर्थिक विकासका लागि समितिले विभिन्न कार्यक्रम सञ्चालन गरेको जानकारी दिए । उनका अनुसार दमक क्षेत्रका १५ गाउँटोलका ४० जना युवालाई उद्‌घोषण तथा आधारभूत लेखा तालिम र १६ जनालाई मौरीपालनसम्बन्धी आधारभूत तालिम प्रदान गरिएको छ । मौरीपालन तालिममा सहभागीलाई लागत सहभागितामा मौरीका घारसमेत वितरण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, १५ गाउँटोलका करिब एक हजार ५०० जनालाई धिमाल समुदायका सांस्कृतिक विकृति तथा सुधारका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको समितिले जनाएको छ । सिरिजात जातिरी पर्व आर्थिक रूपमा खर्चिलो बन्दै गएको भन्दै समितिले दमकका १५ वटै गाउँटोलमा एकै दिन वा राजमार्गको उत्तर र दक्षिण क्षेत्रमा छुट्टाछुट्टै एकै दिन पर्व मनाउने एकीकृत अवधारणा अघि सारेको छ ।

कार्यक्रममा बोल्दै नगरप्रमुख थापाले धिमाल समुदायको उत्थानका लागि नगरपालिकाले आवश्यक नीति, नियम र कानुन निर्माण गर्दै सहकार्य गर्ने प्रतिबद्धता जनाए । उनले नगरपालिकाको प्रशासकीय भवनसँगै धिमाल समुदायको शालिक निर्माण गर्ने आश्वासनसमेत दिए ।

समितिले आगामी आर्थिक वर्षमा ग्रामथान पूजा सहयोग, प्रथम नागरिक होमस्टे व्यवस्थापन, युवा स्वरोजगारका लागि ड्राइभिङ तालिम, महिला उद्यमी प्रोत्साहन, लोकसंस्कृति संरक्षण तथा धिमाल कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ । साथै, जेनजी आन्दोलनका क्रममा क्षति पुगेको धिमाल पुर्खाको सालिक पुनर्निर्माणका लागि नगरपालिकासँग सहकार्य गर्ने र 'प्रथम नागरिक धिमाल' ऐन जारी गर्न पहल गर्ने प्रतिवेदनमा उल्लेख छ ।

सचिव रत्नबहादुर धिमालले सञ्चालन गरेको कार्यक्रममा सहभागी वक्ताहरूले धिमाल जातिको पहिचान, संस्कार र संस्कृति संरक्षणका लागि प्रभावकारी योजना आवश्यक रहेको बताएका थिए । कार्यक्रमपछि सहभागीले दमक नगरपालिका परिसरमा पुगेर माल्यार्पण तथा दीप प्रज्वलन गरेका थिए । सो कार्यक्रममा वडाअध्यक्ष भट्टराईलगायत आयोजक समितिका विभिन्न तहका व्यक्तित्वहरूले शुभकामना मन्तव्य राखेका थिए ।

दमक नगरपालिकाको २०७४ असोज ३० गते सम्पन्न पहिलो ऐतिहासिक नगरसभाले दमकमा बसोबास गर्ने धिमाल जातिलाई नगरको 'प्रथम नागरिक' घोषणा गरेको थियो ।

अन्तर्राष्ट्रिय

इन्चोनमा अन्तर्राष्ट्रिय मिडिया सम्मेलन

एजेन्सी । दक्षिण कोरियाको इन्चोन शहरमा 'इञ्चोन अन्तर्राष्ट्रिय मिडिया सम्मेलन २०२६' सुरु भएको छ । मुख्यतः एशिया महादेशको विभिन्न देशहरूबिच आपसी सम्बन्ध विस्तार तथा भाइचारा अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको सम्मेलनमा एक दर्जनभन्दा बढी देशको मिडयाका प्रतिनिधिहरु सहभागी छन् ।

इञ्चोन ग्लोबल क्याम्पस फाउन्डेशन र मिडिया क्योङ्गिनको आयोजनामा भइरहेको यो सम्मेलन तीन दिनसम्म सञ्चालन हुनेछ । एशियाली देशको सञ्चारमाध्यमबिच आपसी सम्बन्ध स्थापना तथा यहाँका नागरिकहरूबिच जनस्तरको सम्बन्ध विस्तारका लागि यो कार्यक्रम आयोजना गरिएको हो ।

आयोजक पार्क खङ्योले भने, "यसबाट यो क्षेत्रको शैक्षिक, साँस्कृतिक तथा सम्पूर्ण विकासका लागि योगदान दिन सकियोस् भन्ने हाम्रो उद्देश्य हो ।"

१३....रूपैयाँ हुनुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी, सूचना प्रविधिसम्बन्धी सामग्री खरिदको लागत अनुमान १३ लाख ५ हजार ६१ रूपैयाँ र दमक अस्पतालका लागि औषधि खरिदको लागत अनुमान ४८ लाख ८० हजार ७६ रूपैयाँ ९० पैसा रहेको छ ।

बोलपत्र खोलिएपछि प्राप्त प्रस्तावहरूको प्राविधिक तथा आर्थिक मूल्यांकन प्रक्रिया अघि बढ्नेछ । सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुन र प्रक्रियाअनुसार आवश्यक कागजात, प्राविधिक योग्यता तथा आर्थिक प्रस्तावको मूल्यांकन गरी योग्य प्रस्तावक छनोट गरिने नगरपालिकाको योजना शाखाले जनाएको छ ।

विभिन्न वडाका सडक स्तरोन्नति, कालोपत्रे, मर्मत तथा विद्यालय भवन निर्माणका योजना कार्यान्वयनमा आएमा नगरको भौतिक पूर्वाधार विकास र स्थानीय आवागमन सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । नगरप्रमुख रामकुमार थापाले नगरका विभिन्न क्षेत्रमा पूर्वाधार विकासका कामलाई अघि बढाउने योजनाअनुसार बोलपत्र प्रक्रिया अगाडि बढाइएको बताएका छन् ।

हिमाविमा....उनले खेलकुदको विकास र प्रतिभावान् खेलाडी उत्पादनमा हिमाविले नेतृत्वदायी भूमिका निर्वाह गर्ने लक्ष्य लिएको उल्लेख गरे । सोही उद्देश्यअनुरूप विद्यालयले दुई जना अन्तर्राष्ट्रिय खेलाडीसम्म उत्पादन गरिसकेको बताए । विद्यालयले छात्रा भलिबल प्रतियोगितामार्फत् विद्यार्थीमा खेलप्रतिको रूचि बढाउनुका साथै महिला खेलाडीको प्रतिभा पहिचान र विकासमा योगदान पुग्ने अपेक्षा गरेको छ । सो कार्यक्रममा विभिन्न व्यक्तिहरूले शुभकामना मन्तव्य राखेका थिए ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०९ बस्ने दिनेश ठाकुरको नाममा दर्ता कायम रहेको साबिक राजघाट-८/ग मा भएको कि.नं. ४९० र४९१ ज.वि. ०-०-११.५-० र ०-०-९.५-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पश्चिम तर्फ सँधियार शुभ कुमार गुरुङ उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय दमक झापाको

नदी /खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति:२०८३।०६।३०

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ(६) र दफा ६२ (क) बमोजिम सूचनामा उल्लेखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.E.E.प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८३ अनुसूची ६ ले तोकेको दरमा बिक्री गर्ने गरी तपसिल बमोजिमको नदी/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधिभित्र तपसिल बमोजिम शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र नगर कार्यपालिकाको कार्यलयमा पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

तपसिल

सि. न.	ठेक्का नं.	बोलपत्रको नाम	उत्खनन् हुने क्षेत्र	उत्खनन् योग्य परिमाण	न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक)	धरौटी रकम	बोलपत्र फारम दस्तुर रु.
१.	DMO/JHAPA/RVR/DK-MAW0/30/83/84	मावा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र उर्लावारी नगर पालिका**को सिमानामा पर्ने मावा खोलाको तोकिएका संयुक्त नाकाबाट बालुवा, ढुङ्गा, गिटी / मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी	२६००० घन मीटर	८६,३०,९८६।	कबोल गरेको रकमको ५%	३,०००।-

● *बोलपत्रका लागि देहायका शर्तहरू हुनेछन्, ईच्छुक बोलपत्रदाताले BoQ भरी शर्तहरूमा उल्लेख भए बमोजिम पेश गर्नुपर्नेछ ।*

शर्तहरु:

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ। जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ। बोलपत्र सँग सम्बन्धित कागजातहरु www.damakmun.gov.np मार्फत् डाउनलोड गर्न सकिने छ। बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ।

देहाय (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

क्र.स	कार्यालय / कोड नं.	बैंकको नाम	राजस्व खाता नं.	धरौटी खाता नं.
क	**दमक नगरपालिका**	**राष्ट्रिय वाणिज्य बैंक लि.**	२१४०१००३०१०१०००२	२१४०१००३०३०००००२

नोट : *कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खाता वा दमक नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।*

प्रमुख प्रशासकीय अधिकृत

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

बिजयादशमी तथा शुभदिपावली २०८३ को सुखद् अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- चाडपर्वका समयमा चोरी बढ्न सक्छ । चनाखो बनौं ।
- मिसावट, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं ।
- कानूनले बर्जित गरेका गतिविधिबाट टाढा रहौं ।
- पर्व मनाऔं, मितव्ययीता अपनाऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

टेकबहादुर थापा : वडा अध्यक्ष
विणा साह : सदस्य
कमला खाती : सदस्य
कमल श्रेष्ठ : सदस्य
डेन्जोङ्ग शेर्पा : सदस्य

६ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

बिजयादशमी तथा शुभदिपावली २०८३ को सुखद् अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- चाडपर्वका समयमा चोरी बढ्न सक्छ । चनाखो बनौं ।
- मिसावट, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं ।
- कानूनले बर्जित गरेका गतिविधिबाट टाढा रहौं ।
- पर्व मनाऔं, मितव्ययीता अपनाऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

राजेन्द्र प्रसाद भण्डारी: वडा अध्यक्ष
जंग बहादुर राई : सदस्य
रेनुका देवी दर्जी : सदस्य
रविन्द्र लिम्बु : सदस्य
भुमिका आचार्य : सदस्य

१० नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

◆ **प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादकः** खगेन्द्र कार्की ◆ **सहसम्पादकः** विमल लामिछाने ◆ **बजार व्यवस्थापकः** केशव खनाल ◆ **लेआउटः** सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com